# नेत्रावती डबजोड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सेमजोड, धादिङ

## बागमती प्रदेश, नेपाल

गाउँसभाबाट अनुमोदन मिति :

# नेत्रावती डबजोड गाउँपालिकाको आर्थिक ऐन

# २०७७

**नेत्रावती डबजोड गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** नेत्रावती डबजोड गाउँपालिकाको आर्थिक वर्ष२०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नेत्रावती **डबजोड** गाउँपालिका गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, **२०७७**" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि नेत्रावती **डबजोड** गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिमघरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**ःगाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क**ः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुर**ः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **पर्यटनशुल्क**ःगाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची ११ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१३. **कर छुट**ःयस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

**१५. अन्य व्यवस्था : यो ऐनमा व्यवस्था भए बमोजिम बाहेकको अन्य सेवा र सुविधाको करको दायरा निर्धारण गर्नु परेमा गाँउ कार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुनेछ ।**

## अनुसुची १

| सि.न. | राजश्वका क्षेत्रहरु | दर |
|---|---|---|
| ज्ञ) | सम्पत्तिकर | मूल्यांकनको 0=१५प्रतिशत |

## अनुसुची २

### मालपोत शुल्क

| जग्गाको क्षेत्रफल | ईकाई | खेत | | | | पाखो जग्गा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चर | अब्बल | दोयम | सिम | चर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २० रोपनी सम्म | पति रोपनी | 15 | 13 | 11 | 9 | 14 | 12 | 10 | 8 |
| २० रोपनी देखि ४० रोपनी सम्म | " | 20 | 18 | 16 | 14 | 18 | 16 | 14 | 12 |
| ४० रोपनी भन्दा माथी | " | 25 | 23 | 21 | 19 | 23 | 21 | 19 | 17 |

## अनुसुची ३

## घरबहाल कर

गाउँपालिका क्षेत्रभित्र कुनै घर पसल ग्यारेज टहरा जग्गा आदि बहालमा दिएकोमा सम्बन्धित धनीबाट १० पतिशत बहाल कर लिने ।

## अनुसुची ४

## व्यवसाय कर

| सि.न. | राजश्वका क्षेत्रहरु | दर |
|---|---|---|
| क) | होटल लज रेष्टुरेन्ट भोजनालय मिष्ठान्न भण्डार | रु.१५००/- |
| ख) | सुनचांदी पसल | रु.२०००/- |
| ग) | टेलरिङ व्यवसाय | रु.५००/- |
| घ) | सैलुन | रु.५००/- |
| ङ) | ब्युटी पार्लर | रु.५००/- |
| च) | टी.भी. फ्रिज कम्प्युटरमर्मत | रु.२०००/- |
| छ) | रेडियो मोबाइल घडी बिक्रि मर्मत | रु.१०००/- |
| ज) | माल वस्तु तथा सेवाको थोक बिक्रेता | रु.२०००/- |
| झ) | माल वस्तु तथा सेवाको खुद्रा बिक्रेता | रु.१०००/- |
| ञ) | औषधि पसल सबै किसिम | रु.१०००/- |
| ट) | फोटो स्टुडियो | रु.५००/- |
| ठ) | भाडाँ पसल | रु.१०००/- |
| ड) | ग्यास सिलिण्डर बिक्रेता | रु.१०००/- |
| ढ) | बैंक फाइनान्स वित्तीय संस्थाहरु तथा सहकारी बैंक नाफामुलक | |

| | | |
|---|---|---|
| ण) | क वर्गको बैंक तथा वित्तीय संस्था | रु.३०००/- |
| त) | ख वर्गको बैंक तथा वित्तीय संस्था | रु.२५००/- |
| थ) | ग वर्गको बैंक तथा वित्तीयसंस्था | रु.२०००/- |
| द) | घ वर्गको बैंक तथा वित्तीयसंस्था | रु.१५००/- |
| ध) | निजि विद्यालय संचालन | रु.३०००/- |
| न) | फर्निचर उधोग | रु.२०००/- |
| प) | ग्रील सटर उधोग | रु.२०००/- |
| फ) | मिल(धान,मकै ,कोदो) | रु.१०००/- |
| ब) | पोल्टी फर्म | रु.१०००/- |
| भ) | मासु पसल | रु.१०००/- |
| म) | स्टेसनरी पसल | रु.५००/- |
| य) | मदिरा बिक्रि | रु.१५००/- |
| र) | रेमिटेन्स सेवा | रु.१०००/- |
| ल) | कार्यालय हल भाडा | रु.५००/- |
| व) | कृषि र महिला सरकारी संस्था | रु.५०० |
| श) | बचत तथा ऋण र बहुउद्देश्यीय सहकारी संस्था | रु.१००० |
| ष) | कृषि तथा पशुपालन फर्म | रु.५०० |
| स | वर्क्स सप तथा ग्यारेज | १००० |
| ह) | अन्य नखुलेको | रु ६०० |
| | | |

**अनुसुची ५**

## जडिबुटी , कवाडी र जीवजन्तु कर

| शिर्षक | करको दर रु |
|---|---|
| हाडपति गोटा | १० |
| सिङपति गोटा | १० |
| प्वाँखपति गोटा | १ |
| छालापति गोटा | ५० |

अनुसुची ६

## सवारी साधन कर

| सि नं | सवारीको किसिम | दर रु |
|---|---|---|
| १ | हलुका सवारी साधन | 0 |
| २ | हेभी सवारी साधन | 0 |
| ३ | डोजर | 0 |

**अनुसुची ७**

## विज्ञापन कर

**<u>विज्ञापन करको दर बार्षिक</u>**

१ साइनबोर्ड प्रति वर्ग फिट रु ५०

२ ब्यानर बढीमा एक महिना सम्मको लागि प्रति गोटा रु ५०

**अनुसुची ८**

**मनोरन्जन कर**

सिनेमाहल भिडियोहल साँस्कृतिक पदर्शन हलके पवेश शुल्कमा रु १ का दरले मनोरञ्जन कर लगाउने ।

**अनुसुची ९**

**बहाल बिटौरी शुल्क**

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलसार्वजनिक स्थल ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्ग फिट रु २० सम्म मासिक बहाल विटौरी लिने ।

**अनुसुची १०**

**सेवा शुल्क, दस्तुर**

| सि.न. | राजश्वका क्षेत्रहरु | दर |
|---|---|---|
| क) | घर जग्गा नामसारी सिफारिस | रु.५००/- |
| ख) | मोही लागत कट्टा सिफारिस | रु.५००/- |
| ग) | घर कायम सिफारिस | रु.५००/- |
| घ) | छात्रबृति सिफारीस | रु.२००/- |
| ङ) | विपन्नविद्ध्यार्थीछात्र बत्तिसिफारिस | रु.१००/- |
| च) | अपाङ्ग सिफारिस | निशुल्क |
| छ) | अस्थाई बसोबास सिफारिस | रु.२००/- |
| ज) | स्थायी बसोबास सिफारिस | रु.२००/- |
| झ) | नागरिकता र प्रतिलिपि सिफारिस | रु.२००/- |
| ञ) | अंगिकृत नागरिकता सिफारिस | रु.५००/- |

| | | |
|---|---|---|
| ट) | आर्थिक अवस्था सम्पन्नता सिफारिस | रु.१०००/- |
| ठ) | आर्थिक अवस्था विपन्नता सिफारिस | रु.२००/- |
| ड) | विद्दुतजडानसिफारिस | रु.२००/- |
| ढ) | धारा जडान सिफारिस | रु.२००/- |
| ण) | जीवित रहेको सिफारिस | रु.२००/- |
| त) | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस वा फरक जन्म मिति संशोधन सिफारिस | रु.२००/- |
| थ) | जग्गा मूल्यांकन सिफारिस वा प्रमाणित | मुल्यांकनको ०.१% |
| द) | व्यवसाय बन्द सिफारिस | रु.२००/- |
| ध) | व्यवसाय संचालन नभएको सिफारिस | रु.२००/- |
| न) | व्यापार व्यवसाय नभएको सिफारिस | रु.२००/- |
| प) | कोर्ट फि मिनाहा सिफारिस | निशुल्क |
| फ) | नाबालक परिचय पत्र सिफारिस | रु.२००/- |
| ब) | चौपाय सम्बन्धि सिफारिस | रु.५००/- |
| भ) | व्यवसाय दर्ता सिफारिस | रु.२००/- |
| म) | उधोग ठाउँ सारी सिफारिस | रु.२००/- |
| य) | विद्यालयठाउँ सारी सिफारिस | रु.२००/- |
| र) | आन्तरिक बसाईसराई सिफारिस | रु.२००/- |
| ल) | विद्यालय संचालन स्वीकृत | रु.२०००/- |
| व) | कक्षा वृदी सिफारिस | रु.१०००/- |
| श) | व्यक्तिगत विवरण सिफारिस | रु.२००/- |
| ष) | जग्गा दर्ता सिफारिस | रु.५००/- |
| स) | संरक्षक सिफारिस व्यक्तिगत | रु.२००/- |

| | | |
|---|---|---|
| ह) | संरक्षक सिफारिस संस्थागत | रु.५००/- |
| क्ष) | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | रु.५००/- |
| त्र) | जीवित संगको नाता प्रमाणित | रु.२००/- |
| ज्ञ) | मृतक संगको नाता प्रमाणित | रु.२००/- |
| क) | कोठा खोल्न कार्य वा रोहबरमा बस्ने कार्य | नि:शुल्क |
| ख) | नि:शुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | नि:शुल्क |
| ग) | संस्था दर्ता सिफारिस | रु.५००/- |
| घ) | घर बाटो प्रमाणित | रु.५००/- |
| ङ) | चारकिल्ला प्रमाणित | रु.३००/- |
| च) | जन्म मिति प्रमाणित | रु.२००/- |
| छ) | विवाह प्रमाणित | रु.२००/- |
| ज) | घर पाताल प्रमाणित | रु.२००/- |
| झ) | कागज वा मंजुरिनामा प्रमाणित | रु.२००/- |
| ञ) | हकवाला वा हकदार प्रमाणित | रु.२००/- |
| ट) | अविवाहित प्रमाणित | रु.५००/- |
| ठ) | जग्गा रेखांकनको कार्य वा सो कार्यमा रोहवर | रु.५००/- |
| ड) | जग्गा धनि पुर्जा हराएको सिफारिस | रु.२००/- |
| ढ) | पुर्जामा घर कायम सिफारिस | रु.५००/- |
| ण) | अंग्रेजी सिफारिस तथा प्रमाणित | रु.३००/- |
| त) | मिलापत्र कागज वा उजुरी दर्ता | रु.१००/- |
| थ) | जन्म दर्ता | ३५ दिनसम्म निशुल्क त्यसपछि रु.५०/- |

| | | |
|---|---|---|
| द) | मृत्यु दर्ता | " |
| ध) | बसाईसराई जाने आउने दर्ता | " |
| न) | सम्बन्ध विच्छेद दर्ता | " |
| प) | विवाह दर्ता | " |
| फ) | नयाँ व्यवसाय दर्ता | रु.५००/- |
| ब) | व्यवसाय नवीकरण | रु.५००/- |
| भ) | अचल सम्पत्ति मुल्यांकन | मूल्यांकन अंकको ०.२ % |
| म) | घर नक्सा पास | |
| य) | क)नक्सा पास निवेदन फारम दस्तुर | रु.५००/- |
| र) | ख) पक्का घर र पर्खाल समेत प्रति वर्ग फिट दस्तुर | रु.५/- |
| ल) | ग) कच्ची घर पर्खाल समेत प्रति वर्ग दस्तुर | निशुल्क |
| व) | घ) गाउँपालिका हुनुभन्दा अगाडी निर्माण गरेको नक्सा पास गर्दा मापदण्ड अनुरुप निर्माण भएमा मात्र प्रति वर्ग फिट | रु.४/- |
| श) | कन्सुलर विभागमा जाने सिफारिस प्रमाणित | रु.५००/- |
| ष) | माथि उल्लेखित बाहेक अन्य | रु.३००/- |

*योजना खाता बापत ३ प्रतिको लागत शुल्क रु. ५०० लाग्नेछ । गाउँसभाबाट स्वीकृत भई कार्यान्वियन हुने आयोजना संचालन गर्न गठीत उपभोक्ता समितिहरुले गाउँपालिकामा उपभोक्ता समिति दर्ता गर्न लाग्ने शुल्क*

| | |
|---|---|
| *१) कुल लागत रु ३ लाख सम्मको आयोजना* | *रु ५००।* |
| *२) खण्ड (१) भन्दा बढी लागत भई रु ८ लाख सम्मको लागत आयोजना* | *रु १०००।* |
| *३) खण्ड (२) भन्दा बढी लागत भई रु १५ लाख सम्मको लागत आयोजना* | *रु १७००।* |
| *४) खण्ड (३) भन्दा बढी लागत भई रु २५ लाख सम्मको लागत आयोजना* | *रु २०००।* |
| *५) खण्ड (४) भन्दा बढी लागत भई रु ४० लाख सम्मको लागत आयोजना* | *रु २५००* |
| *६) खण्ड (५) भन्दा बढी लागत भई रु ६० लाख सम्मको लागत आयोजना* | *रु ३५००।* |
| *७) खण्ड (६) भन्दा बढी लागत भएका आयोजना* | *रु ५०००।* |
| | |

**अनुसुची ११**

**पर्यटन शुल्क**

पर्यटकिय स्थल पहिचान पश्चात गाउँसभाले तोके बमोजिम हुने ।